**मिति २०७८ बैशाख ६ गते (वि.सं. २०७८।१।६) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०६औं बैठकका निर्णयहरु :**

नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १**

Covid 19 को दोश्रो महामारी ब्यापक रुपमा फैलिरहेको यो बिषम अवस्थामा तुलसीपुर उपमहानगरपालिकाका बासिन्दाहरुको जीउज्यानको रक्षा गर्दै पूर्ण स्वास्थ्य ब्यवस्थापन गरी कोभिडबाट बच्न र बचाउन नगरका आफनै तथा नगर भित्रका सबै एम्बुलेन्सहरुलाई पूर्ण तयारी हातलमा राख्ने, क्वारेन्टीन र आईसोलेशन सेन्टरलाई प्रभावकारी बनाउने,RDT लाई प्रभावकारी ब्यवस्थापन गर्ने,भारत तथा अन्य बिदेशबाट आउने नागरिकहरुलाई टोलबिकास संस्थाले ब्यवस्थापन गर्न सबै वडाहरुबाट निर्देशन जारी गर्ने,नगरमा नगर स्तरीय बिपद ब्यवस्थापन समिति र वडा स्तरीय बिपद ब्यवस्थापन समितिको बैठक बसी ताजा विवरण लिने र दिने ,अनुगमन गर्ने साथै लाश ब्यवस्थापनका सम्बन्धमा सम्बन्धीत वडामा भएको मसानघाटमा सम्बन्धीत क्षेत्रका नागरिक संग समन्वय र एक वडाको लाश अर्को वडामा डाहसंस्कार गर्नु परेमा सम्बन्धीत वडा अध्यक्ष संग समन्वय गर्नु पर्ने र सबै तह संग प्रभावकारी समन्वय गरी कोभिडको महामारी रोकथाममा लाग्ने सर्बसम्मत निर्णय गरियो

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा सञ्चालित बेलझुण्डी कोरोना अस्पताललाई प्रभावकारी ब्यवस्थापनका लागि रु ११०००००।(एघार लाख मात्र) उपलब्ध गराउने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.**

तुलसीपुर उपमहानगगरपालिकाबाट भए गरेका गतिबिधिहरुलाई नागरिक समक्ष पेश गर्न तथा अन्य सञ्चार समन्वयलाई प्रभावकारी बनाउन प्रेश संयोजकमा तुलसीपुर ८ बस्ने पत्रकार ओपेन्द्र बस्नेतलाई मासिक रु २५०००।(पच्चिस हजार मात्र) उपलब्ध गराउने गरी २०७८ बैशाख १ गते देखि लागू हुने गरी मनोनयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका भित्र सञ्चालित तपसिलका बिद्यालयहरुको स्थानान्त्रण तथा नाम परिवर्तन गर्ने निर्णय गरियो साथै अब उप्रान्त बिद्यालयको नाम परिवर्तन तथा स्थानान्त्रण र सञ्चालन गर्दा नेपाली मौलिकता झल्कने नेपाली पहिचान कायम राख्ने नाम राख्नु पर्ने र समन्धीत वडा संग समन्वय गर्नु पर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ बैशाख ६ गते (वि.सं. २०७८।१।६) को तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०६औं बैठकका निर्णयहरु :**

तपसिल

| क्र.स. | साबिकको नाम र ठेगाना | हालको नाम र ठेगाना | हालको वडा |
|---|---|---|---|
| १ | फातिमा ई.बो. | लक्ष एकाडेमी | ६ |
| २ | जन नमुना ई.बो. तुलसीपुर १९ | जन नमुना ई.बो. तुलसीपुर ९ | ९ |
| ३ | एजुकेशन फ्लावर प्रा.लि तुलसीपुर १७ | ह्याप्पी होम बोडिङ्ग तुलसीपुर ८ | ८ |

**निर्णय नं. ५**

२०७८ सालको चैते दशैको पावन अवसरमा समस्त नगरबासीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दै मिति २०७८ बैशाख ७ गते स्थानीय बिदा दिने सर्बसम्मत निर्णय गरियो ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**घनश्याम पाण्डे**
**प्रमुख**

मिति २०७८ बैशाख ६ गते (वि.सं. २०७८।१।६) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०६औं बैठकका निर्णयहरु :